**"मीठे बच्चे– ज्ञान र योगको साथ-साथै तिम्रो चालचलन पनि धेरै राम्रो हुनु पर्छ, कुनै पनि भूत भित्र नहोस् किनकि तिमी हौ भूतहरूलाई निकाल्नेवाला।"**

**प्रश्न:–** सपूत बच्चाहरूलाई कुनचाहिँ नशा स्थायी रहन सक्छ?

**उत्तर:–** बाबाबाट हामी डबल सिरताज, विश्वको मालिक बन्ने वर्सा लिइरहेका छौं। यो नशा सपूत बच्चाहरूलाई नै स्थायी रहन सक्छ। तर काम-क्रोधको भूत मनमा छ भने यो नशा रहन सक्दैन। यस्ता बच्चाले बाबाको सम्मान पनि राख्न सक्दैनन्। त्यसैले सबै भन्दा पहिला भूतलाई भगाउनु पर्छ। आफ्नो अवस्था मजबुत बनाउनु छ।

**गीत:–** कौन आया मेरे मन के द्वार...

**ओम् शान्ति।** यसको अर्थ त तिमी बच्चाहरू बाहेक अरू कसैले बुझ्न सक्दैन। त्यो पनि नम्बरवार पुरुषार्थ अनुसार किनकि परमपिता परमात्माको स्थूल वा सूक्ष्म चित्र त छैन। देवताहरू सूक्ष्म हुन्छन्, ती पनि केवल ३ वटा छन्। तिनीहरू भन्दा पनि अति सूक्ष्म हुनु हुन्छ परमात्मा। अब हे परमपिता परमात्मा– यो कसले भनेको हो? आत्माले। परमपिता परमात्मालाई परम आत्मा भनिन्छ। लौकिक पिताका आत्मालाई परमपिता भन्न सकिदैन। जब पारलौकिक परमपिता परमात्मालाई याद गर्छौं, त्यसलाई देही-अभिमानी भनिन्छ। जब देह अभिमानमा हुन्छौ, देहका साथ सम्बन्ध राख्ने पिताको याद आउँछ। उहाँ हुनु हुन्छ आत्मा सँग सम्बन्ध राख्नेवाला बाबा। उहाँ अहिले आउनु भएको छ। आत्माले बुद्धिद्वारा जान्दछ, आत्मामा बुद्धि छ हैन! त्यसैले परमपिता परमात्मा अवश्य पनि पारलौकिक पिता हुनुभयो। उहाँलाई ईश्वर भनिन्छ। अहिले बाबाले यो प्रश्नावली बनाउनु भएको छ। यसमा बुझाउन तिमी बच्चाहरूलाई सहज हुन्छ। जसरी फाराम भराइन्छ त्यसरी प्रश्न पनि सोध्न सक्छौ। अवश्य पनि जसले सोध्छ, ऊ ज्ञानवान् हुन्छ, त्यसैले अवश्य पनि त्यो शिक्षक हुनु पर्छ। आत्माले नै शरीर धारण गर्छ र इन्द्रियहरूद्वारा सम्झाउँछ। बच्चाहरूलाई सहज बनाएर सम्झाउनको लागि यो बनाइएको छ। तर ज्ञान सुनाउने बच्चाहरूको अवस्था पनि धेरै राम्रो हुनु पर्छ। कसैमा ज्ञान त धेरै राम्रो छ, योग पनि धेरै राम्रो छ, साथ-साथै चालचलन पनि राम्रो हुनु पर्छ। दैवी चालचलन उनीहरूकै हुन्छ जसमा काम, क्रोध, लोभ, मोह, अहंकारको भूत हुँदैन। यी धेरै ठूला भूत हुन्। तिमी बच्चाहरूमा कुनै पनि भूत हुनु हुँदैन। हामी हौं भूत निकाल्नेवाला। ती अशुद्ध आत्माहरू जो भट्कन्छन् तिनलाई भूत भनिन्छ। ती भूतहरूलाई निकाल्ने पनि उस्ताद हुन्छन्। यी जुन ५ विकार रूपी भूत छन् त्यो त परमपिता परमात्मा बाहेक अरू कसैले पनि निकाल्न सक्दैन। सबैका भूतलाई निकाल्नेवाला एकै हुनु हुन्छ। सबैका सद्‌गति गर्नेवाला एक हुनु हुन्छ। रावणबाट मुक्त (लिवरेट) गराउनेवाला पनि एकै हुनु हुन्छ। यी हुन् ठूला भूत। भनिन्छ पनि यसमा क्रोधको भूत छ, यसमा मोह र अशुद्ध अहंकारको भूत छ। सबैलाई यी भूतहरूबाट छुटाउनेवाला मुक्तिदाता, परमपिता परमात्मा एउटै हुनु हुन्छ। तिमीलाई थाहा छ– अहिले सबै भन्दा शक्तिशाली यी क्रिश्चियनहरू छन्। तिनीहरूको अंग्रेजी भाषाका अक्षर पनि धेरै राम्रो छन्। जो राजा हुन्छन् उनीहरूले आफ्नो भाषा चलाउँछन्। देवताहरूको भाषा कसैलाई थाहा छैन। यहाँ बच्चीहरूले पहिला पहिला सबै कुरा आएर बताउँथे। दुई-चार दिन ध्यानमा रहन्थे। कुनै बुद्धिमान सन्देशीले नै त्यहाँको भाषा देखेर सुनाउन सक्छन्।

तिमी बच्चाहरूले सबैलाई प्राचीन भारतको कथा सुनाऊ। भारत सतोप्रधान थियो, अहिले तमोप्रधान छ, पूज्यबाट पुजारी बनेको छ। यहाँ देवताहरूको चित्र धेरै छन्, अन्धश्रद्धाले पूजा गर्छन्। जीवनीलाई जानेका

हुँदैनन्। हामी सबै नाटकका कलाकार हौं त्यसैले नाटकको निर्देशक आदिको विषयमा थाहा हुनु पर्छ। त्यसैले प्रश्नावली बनाइएको हो। पोपलाई पनि लेख्नु पर्छ, तपाईंले अनुयायीहरूलाई भनिरहनु भएको छ– यी विनाशका चीजहरू बन्द गर, फेरि तपाईंका यी सबै कुरा किन मान्दैनन्? तपाई ंत सबैका गुरु हुनु हुन्छ, तपाईंको धेरै महिमा छ फेरि पनि यो कुरा मान्दैनन्, किन? कारण तपाईंले जान्नुहुन्न, त्यसैले हामी तपाईंलाई बताउँछौं। यो कुरा तपाईंको मतमा छैन। यो ईश्वरीय मतमा बनाइएको हो। स्वर्गको स्थापना एडम-ईवद्वारा भइरहेको छ। ज्ञानका सागर बाबा हुनु हुन्छ, उहाँ हुनु हुन्छ गुप्त। अवश्य पनि उहाँका सेना, उहाँको मतमा चल्नेवाला हुनु पर्छ। यस प्रकार सम्झाउनु पर्छ। तर बच्चाहरू यति धेरै विशाल बुद्धिका छैनन्, त्यसैले पेचलाई कस्नु पर्छ। जसरी रेलको इन्जिन ठण्डा भयो भने त्यसलाई तेज गराउन कोइला हाल्छन्। यो पनि ज्ञानको कोइला हो। परमपिता परमात्मा सबै भन्दा महान् हुनु हुन्छ, सबैजना उहाँलाई सलाम गर्न आउँछन्। पोपलाई पनि अहिले शक्तिशाली सम्झन्छन्। पोपलाई जति मान दिन्छन् त्यति अरू कसैलाई दिँदैनन्। बाबालाई चिनेकै छैनन्। उहाँ त हुनु हुन्छ गुप्त। उहाँलाई केवल बच्चाहरूलाई थाहा छ र मान गर्छन्। तर माया यस्तो छ जसले बच्चाहरूलाई पनि यस्तो बाबालाई सम्मान गर्न दिंदैन। बाबाले विश्वको मालिक बनाउनु हुन्छ, यो नशा बाहिर निस्किएपछि समाप्त हुन्छ। हामीले बाबाबाट डबल सिरताजको वर्सा किन नलिने? यो हो सपूत बच्चाहरूको नशा। तर धेरै बच्चाहरू यस्ता छन्, जसलाई काम, क्रोध, लोभको भूत आउँछ। बाबाले मुरली चलाउँदा मनमा आउँछ अहिलेसम्म म भित्र कामको हल्का नशा छ। यदि एकजना मजबुत भएमा केही हुन सक्दैन। कहीं स्त्री मजबुत हुन्छन्, कहीं पुरुष। बाबाको पासमा सबै प्रकारका समाचार आउँछन्। कसैले सच्चा दिलबाट लेख्छन्, भित्र बाहिर धेरै सफाइ चाहिन्छ। कुनै बाहिरबाट सच्चा तर भित्रबाट झुटा हुन्छन्। तुफान धेरैलाई आउँछ। लेख्छन् बाबा आज मलाई कामको तुफान आयो तर बचें। यदि लेख्दैनन् भने एक त दण्ड खानु पर्छ र दोस्रो बानी पनि बढ्दै जान्छ। आखिरमा गिर्छन्। बाबाको बच्चाहरू सँग आशा त रहन्छ नि। अलिकति ग्रहचारी भए त्यो पनि उत्रिदै जान्छ। कैयौं यस्ता पनि छन्, जो आज राम्रो सँग चलिरहेका हुन्छन्, भोलि श्वास नै रोकिन्छ। अवश्य कुनै अवज्ञा गर्छन्। हर कुरामा सच्चा रहनु पर्छ तब नै सचखण्डको मालिक बनिन्छ। झूटो बोलेमा बिमारी बढ्दै जान्छ र नोक्सान पारिदिन्छ।

बच्चाहरूले धेरै युक्ति सँग प्रश्नावली बनाउनु पर्छ– परमपिता परमात्मा सँग तपाईंको के सम्बन्ध छ? जब पिता हुनु हुन्छ भने सर्वव्यापीको कुरा हुँदैन। उहाँ सर्वका सद्‌गतिदाता हुनु हुन्छ, पतित-पावन हुनु हुन्छ, गीताका भगवान् हुनु हुन्छ, त्यसैले अवश्य पनि कुनै बेला आएर ज्ञान दिनु भएको हुनु पर्छ। यदि यो कुरा सत्य हो भने उहाँको जीवन कथा जान्नु भएको छ? नजानेसम्म वर्सा मिल्न सक्दैन। पिताबाट अवश्य पनि वर्सा प्राप्त हुन्छ। फेरि अर्को प्रश्न सोध– प्रजापिता ब्रह्मा र उहाँका मुख वंशावलीलाई जान्नु भएको छ? जसको नाम सरस्वती छ उनी हुन् ज्ञान ज्ञानेश्वरी। उनलाई ज्ञानकी देवी भनिन्छ। यिनी हुन् जगत् अम्बा। त्यसैले अवश्य पनि तिनका बच्चाहरू पनि हुनु पर्छ। पिता पनि हुनु हुन्छ। ज्ञान दिनेवाला त उहाँ हुनुभयो। अब यी प्रजापिता र जगत् अम्बा को हुन्? उनलाई धन लक्ष्मी पनि भन्छन्, तब ज्ञान ज्ञानेश्वरी हुँदिनन्। यी ब्रह्मा-सरस्वती राज-राजेश्वरी बन्छन्। त्यसैले उनका बच्चा पनि अवश्य नै स्वर्गको मालिक बन्छन्। अहिले यो हो संगम, कुम्भ। त्यो कुम्भका मेलामा हेर के हुन्छ, भक्तिमार्गको अर्थ र यसमा रात-दिनको फरक छ। त्यो हो पानीको नदी र सागरको मेला। यी हुन् मानव गंगाहरू जो ज्ञान सागरबाट निस्कन्छन्, उनीहरूको मेला। यो प्रश्न पनि सोधिन्छ– पतितबाट पावन बनाउने को हो? यो जान्नु पर्ने कुरा हो तब त प्रश्न सोधेका हौं। यी माता-पिताको ज्ञानबाट हामी राज-राजेश्वरी बन्न सक्छौं। ईश्वरलाई सर्वव्यापी भनेर के मुख मिठो हुन्छ त? अहिले तिमीलाई भक्तिको फल ज्ञान मिल्छ। अहिले भगवानले पढाउनु हुन्छ त्यसैले धक्का खान बन्द हुन्छ। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! अशरीरी भव।

आत्मालाई ज्ञान प्राप्त भयो, अब आत्माले भन्छ– मलाई फर्केर जानु छ बाबाको पासमा। त्यसपछि मिल्छ प्रारब्ध। राजधानी स्थापना हुन्छ। कति बुझ्नु पर्ने कुरा छन्। यो प्रश्नावली धेरै राम्रो छ। सबैका पकेटमा रहिरहोस्, सेवाधारी बच्चाहरूले नै यी कुरामा विचार गर्नेछन्। बच्चाहरूको लागि बाबाले कति मेहनत गर्नु पर्छ। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! आफ्नो भविष्य उँच बनाऊ। नत्र कल्प कल्प पद कम हुन्छ। जसरी यी बाबा महाराजा-महारानी बन्छन् त्यस्तै बच्चाहरू पनि बनून्। तर आफूमा निश्चय हुनु पर्छ। राजामा पनि धेरै शक्ति हुन्छ। त्यहाँ त सुखै सुख हुन्छ। जो राजा बन्छन् ती पनि ईश्वरको लागि दान-पुण्य गर्नाले बन्छन्। राजाका आदेश (अर्डर) मा सारा प्रजा चल्छन्। यतिबेला त यहाँ कुनै राजा छैनन्, पंचायती राज्य छ, कति कमजोर बनेका छन्।

बाबाले जान्नुहुन्छ– धेरै बच्चाहरूलाई विकारको तुफान आउँछ तर समाचार दिंदैनन्। बाबालाई लेख्नु पर्छ– यस्तो तुफान आउँछ, हजुरले राय दिनुहोस्। बाबाले परिस्थिति हेरेर राय दिनु हुन्छ। लेख्दैनन्, न उनीहरूको कुनै साथीले समाचार दिन्छन्– बाबा हाम्रो साथीको यो अवस्था छ। बाबालाई त समाचार दिनु पर्छ। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**रात्रि क्लास: ११.०१.६९**

बेहदका बाबा आएर सम्झाउनु हुन्छ, आफ्नो बनाउनु हुन्छ, राजाई पदको लागि शिक्षा दिनु हुन्छ, पवित्र पनि बनाउनु हुन्छ। बाबाले धेरै सहज रीतिले आफ्नो र वर्साको परिचय गराउनु हुन्छ। आफै बुझ्न सकिदैन। बेहदका बाबाबाट अवश्य पनि बेहदको वर्सा प्राप्त हुन्छ– यो पनि असल बुद्धिमानले नै सम्झन्छन्। बाबाले के वर्सा दिनु हुन्छ? घरको, पढाइको र स्वर्गको बादशाहीको वर्सा दिनु हुन्छ। जो पवित्र दैवी सम्प्रदाय बन्छन् उनै राजधानीमा आउँछन्। जसले जति पढ्छ, पढाउँछ उसैले उच्च पद पाउँछ। यति धेरै बच्चाहरू छन्, सबैले बाबाबाट वर्सा लिन्छन्। बाबाले स्वर्गको मालिक, नरबाट नारायण बनाउनु हुन्छ। यी राजाईको मालिक हुन्। बेहदका बाबा जो स्वर्गका रचयिता हुनु हुन्छ हामी उहाँका बच्चाहरूले स्वर्गको बादशाही लिन्छौं, यथा राजा रानी तथा प्रजा... जति पुरुषार्थ गर्छौं त्यति उच्च पद पाउँछौं। यो राजाईको लागि गर्ने पुरुषार्थ हो। सत्ययुगको राजाई सबैलाई प्राप्त हुँदैन। जति जसले पुरुषार्थ गर्नेछ त्यति उच्च पद पाउँछ। पुरुषार्थमा प्रारब्ध आधारित छ। यो त तिमी बच्चाहरूले जानेका छौ– जति पुरुषार्थ गर्छौं...। पुरुषार्थबाट नै बादशाही प्राप्त हुन्छ। आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्ने हो भने तमोप्रधानबाट सतोप्रधान, पवित्र सुन बन्छौं। राजाई पनि मिल्छ। जसरी यहाँ भन्छन् हामी देशको मालिक हौं। मालिक त सबै बन्छन्। तर पद के पाउनेछौ? पढाइपछि स्वर्गमा हाम्रो पद के रहला? तिमीले अहिले संगममा पढ्छौ, सत्ययुगमा राजाई गर्नेछौ। बाबाले योग पनि सिकाउनु हुन्छ, पढाउनु पनि हुन्छ। तिमीले सम्झन्छौ– हामीले राजयोग सिक्छौं। बाबाको यादबाट पावन पनि बन्छौं। फेरि हाम्रो पुनर्जन्म रावण राज्यमा होइन, रामराज्यमा हुन्छ। अहिले हामीले पढेका छौं– मन्मनाभव, मध्याजीभव। अब कलियुगको अन्त्य छ, फेरि सत्ययुग स्वर्ग अवश्य आउँछ। बाबाले संगमयुगमा नै आएर बेहदको विद्यालय खोल्नुहुन्छ, जहाँ बेहदको पढाइ हुन्छ, बेहदको बादशाही पाउनको लागि। तिमीलाई थाहा छ– हामी अब नयाँ दुनियाँको मालिक बन्छौं। नयाँ दुनियाँलाई स्वर्ग भनिन्छ, नशा चढ्छ नि। अवश्य पनि पुरानो दुनियाँपछि हुन्छ नयाँ दुनियाँ। बच्चाहरूलाई याद आउँछ। सबै बच्चाहरूको दिलमा छ– स्वर्गको मालिक बनाउनको लागि हामीलाई परमपिता परमात्माले पढाउनु हुन्छ। बच्चाहरूलाई यो याद रहोस्– हामीलाई भगवानले पढाउनु हुन्छ अनि सबै भन्दा उच्च सत्ययुगका राजा-रानी बन्नेछौं। राजयोगद्वारा राजाई मिल्छ, त्यसमा पवित्रता, सुख, शान्ति सबै छ। यी बाबामा अहिले

शिवबाबा अवतरण हुनु भएको छ। उहाँ हुनु हुन्छ सबै भन्दा उच्च। आत्माले अनुभव लिदै जान्छ। त्यहाँ गएपछि त्यहाँको बस्ने बैठक उच्च हुन्छ। विद्यार्थीहरू सबैको बस्ने बैठक आ-आफ्नो हुन्छ। एकको स्थानमा अर्को बस्दैन। एकको पार्ट अर्को सँग मिल्न सक्दैन। बाबाले सम्झाउनु भएको छ, आत्मामा रिकर्ड भरिएको छ। ड्रामाको योजना अनुसार हाम्रो पुरुषार्थ चलिरहेको छ, कोही राजा कोही रानी बन्छन्। अन्त्यमा पुरुषार्थको परिणाम निस्कन्छ, जसबाट फेरि माला बन्छ। उच्च अंक ल्याउनेहरूलाई अवश्य थाहा हुन्छ। मृत्यु पश्चात् सम्झन्छन्– आत्माले गएर कर्म अनुसार अर्को शरीर लिन्छ। राम्रो कर्म भएकालाई राम्रो जन्म मिल्छ, योगबलबाट। पुरुषार्थ गर्दैनन् भने सानो पद पाउँछन्। यसरी विचार गर्दा खुशी लाग्छ। जो जस्तो महारथी हुन्छ उसको त्यस्तै महिमा हुन्छ। सबैको मुरली पनि समान किसिमले चल्दैन। हरेकको मुरली पनि अलग-अलग, यो बनिबनाउ खेल हो नि। अहिले बच्चाहरूको कर्ममा ध्यान छ। माता वा पिताले जे गर्छन् बच्चाहरूले त्यस्तै सिक्छन्। अहिले तिमीले श्रेष्ठ कर्म गर्छौ। सेवाबाट थाहा हुन्छ, महारथीहरूको सेवा छिप्न सक्दैन। कसले उच्च पद पाउनको लागि मेहनत गरिरहेको छ, जान्न सकिन्छ। सबै बच्चाहरूलाई मौका पनि छ। उच्च पद पाउनको लागि मनमनाभवको पाठ अर्थ सहित मिलेको छ। बच्चाहरूले बुझेका छन्– यो गीताको ज्ञान, ज्ञानका सागर बाबा स्वयं आएर दिनु हुन्छ, अवश्य पनि एक्युरेट ज्ञान नै दिनु हुन्छ। फेरि सबै कुरा धारणामा आधारित छ, जो सुन्छौ, त्यो व्यवहारमा ल्याउँदै जाऊ। कठिन छैन। बाबालाई याद गर्नु र चक्रलाई जान्नु छ। यो हो अन्तिम जन्मको पढाइ, जसलाई पास गरेर नयाँ दुनियाँ सत्ययुगमा जान्छौ।

गायन छ, निश्चयमा विजय। त्यसैले प्रीत बुद्धि बच्चाहरूले जानेका छन्– हामीलाई भगवानले पढाउनु हुन्छ। बच्चाहरूलाई थाहा छ– हाम्रो आत्माले धारण गर्छ। आत्माले यो शरीरद्वारा पढ्छ, नोकरी गर्छ। यो जान्नु पर्ने कुरा हो। बाबालाई याद गर्छन् फेरि माया रावणले बुद्धिको योग तोडिदिन्छ, माया सँग सावधान रहनु छ। पछि गएर तिम्रो प्रभाव पनि देखिन्छ र खुशीको पारा पनि चढ्नेछ। जब नयाँ जन्म लिन्छौ, धेरै प्रत्यक्ष गर्नेछौ।

अच्छा– मीठे-मीठे रूहानी बच्चाहरूलाई रूहानी बाबा एवं दादाको याद-प्यार, गुडनाइट।

**धारणाको लागि मुख्य सार:–**

१) भित्र-बाहिर साफ रहनु छ। सच्चा दिलबाट बाबालाई आफ्नो समाचार दिनु छ, केही पनि लुकाउनु हुँदैन।

२) अब फर्केर जानु छ, त्यसैले अशरीरी बन्ने अभ्यास गर्नु छ, चुप रहनु छ।

**वरदान:– मेरोपनलाई छोडी ट्रस्टी बनेर सेवा गर्ने सदा सन्तुष्ट आत्मा भव**

लौकिक परिवारमा रहेर सेवा गर्दा सदा याद रहोस्– म ट्रस्टी हुँ, सेवाधारी हुँ। सेवा गर्दा अलिकति पनि मेरोपन नरहोस् तब सन्तुष्ट रहनेछौ। जब मेरोपन आउँछ तब हैरान हुन्छौ, सोच्दछौ– मेरो बच्चाले यस्तो गर्छ.... त्यसैले जहाँ मेरोपन छ, त्यहाँ हैरानी हुन्छ र जहाँ तेरो-तेरो हुन्छ त्यहाँ तैरिन थाल्छौ। तेरो-तेरो भन्नु अर्थात् स्वमानमा रहनु, मेरो-मेरो भन्नु अर्थात् अभिमानमा आउनु।

**स्लोगन:–** बुद्धिमा हर समय बाबा र श्रीमतको स्मृति रहोस् तब भनिन्छ दिलै देखि समर्पित आत्मा।